Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD : 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: ३० | वि.सं. २०८३ वैशाख ३० बुधवार | नेपाल संवत: ११४५, | ज्येष्ठ कृष्ण एकादशी | Wednesday 13 May 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# बहुसूचक सर्वेक्षणमा कस्तो छ कर्णालीका महिला र बालबालिकाको अवस्था ?




**ओम शाही**
**सुर्खेत, २९ बैशाख ।**

राष्ट्रिय तथ्यांक कार्यालयले सञ्चालन गरेको नेपाल बहुसूचक सर्वेक्षण २०८१/०८२ ले कर्णाली प्रदेशका महिला तथा बालबालिका सम्बन्धिका सूचकहरु मिश्रित रहेको पाइएको छ। सार्वजनिक तथ्यांक अनुसार महिला तथा बालबालिकासँग सम्बन्धित सामाजिक, स्वास्थ्य, शिक्षा लगायतका सूचकहरु मिश्रित रहेको देखाएको छ।

मंगलबार वीरेन्द्रनगरमा राष्ट्रिय तथ्याङ्क कार्यालयले तथ्याङ्कमा आधारित नीति, योजना तर्जुमा तथा कार्यक्रमका लागि सार्वजनिक गरेको प्रदेशस्तरिय नेपाल बहुसूचक सर्वेक्षण २०८१/८२ को नतिजा अनुसार कर्णालीमा बालमृत्यु, किशोरी प्रजनन, बालविवाह, बालश्रम र कुपोषणजस्ता सूचक राष्ट्रिय औसतभन्दा उच्च छ भने जन्मदर्ता, पूर्वप्रसूति जाँच तथा संस्थागत प्रसूतिजस्ता क्षेत्रमा सुधार देखिएको छ।

नेपालमा महिला तथा बालबालिकाको अवस्थाबारे राष्ट्रिय तथा क्षेत्रीयस्तरको अनुगमन मूल्याङ्कन, योजना तर्जुमा एवं स्तरीय तथा तुलनायोग्य सूचकहरू उपलब्ध गराउने उद्देश्यले बहुसूचक चौथो सर्वेक्षण गरिएको थियो।

यो सर्वेक्षणले संघ तथा प्रदेश सरकारका योजना तर्जुमा, नीति निर्माण तथा विकास कार्यक्रमको अनुगमनका लागि आवश्यक पर्ने तथ्याङ्कहरूको अपर्याप्ततालाई न्यून पार्नुका साथै अन्तर्राष्ट्रिय घोषणा, दिगो विकास लक्ष्यका सूचकको अनुगमन तथा बहुआयामिक गरिबी मापन गर्न ठोस योगदान पुग्ने विश्वास गरिएको छ।

सर्वेक्षणमा शिक्षा, मातृ तथा नवजात शिशु स्वास्थ्य, खानेपानी तथा सरसफाइ, सुरक्षा र विभेद, मानसिक स्वास्थ्य लगायत अन्य सामाजिक क्षेत्रका विविध विषयसँग सम्बन्धी तथ्यांक संकलन गरिएको राष्ट्रिय तथ्यांक कार्यालयका प्रवक्ता एवम् उपप्रमुख तथ्यांक अधिकारी ढुण्डीराज लामिछानेले बताए।

उनका अनुसार सर्वेक्षणमा तथ्यांक संकलन गर्न नेपालभर पाँच सय ४० क्लष्टर (गणना क्षेत्र) मध्ये शहरी क्षेत्रबाट तीन सय चार र ग्रामीण क्षेत्रबाट दुई सय ३६ क्लष्टर छनोट गरिएको थियो। यसरी छनौट भएका हरेक क्लष्टरबाट गणना गर्न २४ घरपरिवार छनौंट भएका थिए। यसरी छनौंट गरिएको जम्मा १२ हजार नौ सय ६० घरपरिवारबाट पारिवारिक विवरण संकलन गरिएको लामिछानेले बताए।

जसमा प्रत्येक घरपरिवारमा भएका १५-४९ वर्ष उमेर समूहका महिला, १५-४९ वर्ष उमेर समूहका पुरुष, ५-१७ वर्ष उमेर समूहका बालबालिका तथा पाँच वर्षमुनिका बालबालिकाको विवरण संकलन गरिएको थियो। साथै, बाल पोषणको स्थिति अवगत गर्न तौल तथा उचाइ पनि

बाँकी ३ पेजमा

## किशोरी प्रजनन र बालविवाह चुनौती

नेपालमा १५-४९ वर्ष उमेर समूहका महिलाको कुल प्रजनन दर प्रति महिला औसत १.९ जीवित जन्म छ भने कर्णालीमा यो दर २.३ छ। १५-१९ वर्ष उमेर समूहका किशोरीको प्रजनन दर राष्ट्रिय रूपमा प्रति एक हजार किशोरीमा ४८ जीवित जन्म रहदा कर्णालीमा यो दर ७७ पुगेको छ।

त्यस्तै २०-२४ वर्ष उमेर समूहका महिलामध्ये ११.२ प्रतिशतले १८ वर्षअघि नै बच्चा जन्माइसकेको देखिएको छ भने कर्णालीमा यस्तो प्रतिशत १८.८ छ। २०-२४ वर्ष उमेर समूहका महिलामध्ये १५ वर्ष उमेरअघि विवाह गर्नेको प्रतिशत राष्ट्रिय रूपमा ५.१ रहेको छ भने कर्णालीमा ९.९ प्रतिशत छ, जुन सबै प्रदेशमध्ये उच्च हो। त्यस्तै १८ वर्षअघि विवाह गर्ने महिलाको प्रतिशत राष्ट्रिय रूपमा २७.६ रहेकोमा कर्णालीमा ४१ प्रतिशत पुगेको छ। यो पनि सबैभन्दा उच्च दर हो।

## बालमृत्यु दर अझै उच्च

सर्वेक्षणअनुसार नेपालमा प्रति एक हजार जीवित जन्ममा १७ नवजात शिशु, २७ शिशु तथा ३१ जना पाँच वर्षमुनिका बालबालिकाको मृत्यु हुने गरेको छ। कर्णाली प्रदेशमा नवजात शिशु मृत्युदर प्रति एक हजार जीवित जन्ममा २२, शिशुमृत्युदर २९ तथा पाँच वर्षमुनिका बालमृत्युदर ३८ छ।

प्रदेशगत रूपमा नवजात शिशु मृत्युदर सबैभन्दा बढी सुदूरपश्चिम प्रदेशमा २६ र सबैभन्दा कम बागमती प्रदेशमा १० छ। शिशुमृत्युदर पनि सबैभन्दा बढी सुदूरपश्चिममा ३८ तथा सबैभन्दा कम बागमतीमा १७ छ। पाँच वर्षमुनिका बालमृत्यु दर सबैभन्दा बढी सुदूरपश्चिम प्रदेशमा ४८ र सबैभन्दा कम गण्डकी प्रदेशमा २० रहेको प्रतिवेदनमा सर्वेक्षणमा छ।

## कुपोषणको समस्या गम्भीर

कर्णालीमा उमेरअनुसार तौल कमी भएका बालबालिका (लिखुरे) २० प्रतिशत तथा उमेरअनुसार उचाइ कम भएका बालबालिका (पुड्को) ३६.६ प्रतिशत रहेको तथ्यांकले देखाउछ। राष्ट्रिय रूपमा यस्तो दर क्रमशः १६.९ र २६.२ प्रतिशत छ। उचाइअनुसार तौल कम भएका बालबालिका (ख्याउटे) कर्णालीमा ५.३ प्रतिशत तथा उचाइअनुसार तौल बढी भएका बालबालिका ३.९ प्रतिशत छन्। सर्वेक्षणअनुसार कर्णालीमा ७१.६ प्रतिशत आमाले शिशुलाई जन्मेको ६ महिनासम्म केवल आमाको दूध खुवाउने गरेका छन्। जीवनको पहिलो वर्षभित्र आधारभूत खोप प्राप्त गर्ने १२-२३ महिना उमेर समूहका बालबालिकाको प्रतिशत कर्णालीमा ८१.६ छ, जबकि राष्ट्रिय दर ८९.४ प्रतिशत रहेको तथ्यांकले देखाउछ।

## परिवार नियोजन र मातृस्वास्थ्यमा सुधार

कर्णालीमा १५-४९ वर्ष उमेर समूहका ३८.९ प्रतिशत विवाहित महिलाले परिवार नियोजनका कुनै न कुनै उपाय प्रयोग गर्ने गरेका छन्। आधुनिक परिवार नियोजनबाट आवश्यकता पूरा गर्ने दर ५८.७ प्रतिशत छ। पूर्वप्रसूति जाँच गराउने महिलाको प्रतिशत कर्णालीमा राष्ट्रिय औसतभन्दा बढी छ। सर्वेक्षणअनुसार जीवित शिशु जन्माएका १५-४९ वर्ष उमेर समूहका ९१.९ प्रतिशत महिलाले कम्तिमा चार पटक पूर्वप्रसूति जाँच गराएका छन्। त्यस्तै, कर्णालीमा ९१.३ प्रतिशत महिलाले स्वास्थ्य संस्थामा प्रसूति गराएका छन् भने ९४ प्रतिशतले दक्ष प्रसूतिकर्मीको सहयोग लिएका छन्। सिजेरियन शल्यक्रियामार्फत प्रसूति गराउने दर भने ९.२ प्रतिशत छ, जुन राष्ट्रिय दर २४.४ प्रतिशतभन्दा निकै कम हो।

यस्तै, पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ता दर

बाँकी ३ पेजमा

# कांग्रेसले जारी गऱ्यो २१ बुँदे संकल्प




**युग संवाददाता**
**सुर्खेत, २९ बैशाख ।**

नेपाली कांग्रेसले कर्णाली प्रदेशबाट २१ बुँदे संकल्प जारी गरेको छ । कांग्रेसको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको आयोजनामा सोमबार र मंगलबार चलेको प्रदेशस्तरीय भेलाबाट कांग्रेसले नेतृत्व गरेका स्थानीय सरकारलाई थप जिम्मेवार, पारदर्शी र जनमुखी बनाउँदै सुशासन कायम गर्न २१ बुँदे उक्त संकल्प प्रस्ताव जारि गरिएको हो।

संकल्प प्रस्तावमा कर्णालीका प्राकृतिक स्रोत, जडिबुटी र सांस्कृतिक सम्पदाको संरक्षण गर्दै नागरिकको जीवनस्तर सुधार्न शिक्षा, स्वास्थ्य र रोजगारीमा जोड दिइएको छ। दुर्गम क्षेत्रमा सजिलो सेवा प्रवाह, वित्तीय अनुशासन र योजनाबद्ध विकासमार्फत समृद्ध कर्णाली निर्माण गर्ने संकल्प कांग्रेसले गरेको छ। साथै, कांग्रेसले संघीयताको मर्म अनुसार अधिकारको न्यायोचित बाँडफाँड र सांगठनिक सुदृढीकरणका लागि राज्य र पार्टी दुवै तहमा समन्वय गर्ने संकल्प गरेको छ।

कांग्रेस पार्टीको संगठन सुदृढीकरण गर्न र डिजिटल अभिलेखमार्फत सदस्यको योगदानलाई लिपिबद्ध गर्न तथा

बाँकी ३ पेजमा

# एसईई दिएका विद्यार्थीलाई निःशुल्क करियर बुट क्याम्प

**युग संवाददाता**
**सुर्खेत, २९ बैशाख ।**

सुर्खेत होराइजन एकाडेमीको आयोजनामा आगामी ३ जेठमा (आइतबार) निःशुल्क करियर बुट क्याम्प आयोजना हुने भएको छ। एसईई परीक्षा दिएका विद्यार्थीलाई सही करियर छनोटमा सहजीकरण गर्ने उद्देश्यले यो कार्यक्रम आयोजना गर्न लागिएको सुर्खेत होराइजन एकाडेमी प्रधानाध्यापक अशोकराज खातीले जानकारी दिए।

प्रधानाध्यापक खातीका अनुसार निःशुल्क करियर बुट क्याम्पमा कर्णाली प्रदेश भरीका एसईई दिएका इच्छुक विद्यार्थी र उनका अभिभावकहरु सहभागि हुन सक्ने बताए। उक्त कार्यक्रममा एसईई पछिका विद्यार्थी तथा अभिभावकलाई करियर सम्बन्धी परामर्श र मार्गदर्शन प्रदान गरिने आयोजक स्कुल सुर्खेत होराइजन एकाडेमीले जनाइएको छ। विद्यार्थीहरूमा ‘कुन विषय पढ्ने ?, भविष्यका लागि उपयुक्त करियर कसरी छनोट गर्ने ? लगायतका अन्यौलता विद्यार्थी तथा अभिभावक बढिरहेका बेला कार्यक्रममार्फत सही सूचना, सुझाव र अनुभव आदानप्रदान गरिनेछ।

कार्यक्रममा कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय अन्तर्गतको वृत्ति मार्गनिर्देशन सेवा केन्द्रको प्राविधिक सहयोग रहेको छ। करियर बुट क्याम्पले विद्यार्थीलाई भविष्यप्रति स्पष्ट दृष्टिकोण बनाउन तथा आफ्नो रुचि र क्षमता अनुसार सही शैक्षिक तथा पेशागत मार्ग छनोट गर्न सहयोग पुग्ने विश्वास लिइएको छ।

## आन्तरिक पर्यटन प्रवर्द्धन गरौं।

- नेपालका हिमशृङ्खला, तालतलैया, निकुञ्ज तथा आरक्ष, धार्मिक एवं पर्यटकीय स्थलहरुको भ्रमण गरौं,
- जात्रा, नाचगान, भेषभुषा, साहित्य, कलालगायत नेपाली संस्कृतिको संरक्षण एवं प्रवर्द्धन गरौं,
- पर्यावरणमैत्री पर्यटनको विकास गर्दै जैविक विविधता संरक्षण गरौं,
- ग्रामीण पर्यटनका आधारको रुपमा रहेका होमस्टे, रैथाने खाना एवं सांस्कृतिक केन्द्रको विकास गरौं,
- पर्यटकको सेवा, सुरक्षा र सद्भावमा ध्यान दिऔं,
- स्वदेशी पर्यटकलाई प्रोत्साहन गरौं,
- आन्तरिक पर्यटनमार्फत रोजगारी सिर्जना गरौं।

**पर्यटक हाम्रा पाहुँना हुन्, सहयोग र सम्मान गरौं।**

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत।



## सम्पादकीय....

# कागजमै सीमित नहुन नीति तथा कार्यक्रम

संघीय सरकारले आर्थिक वर्ष २०८३/०८४ का लागि ल्याएको नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ। सोमबारदेखि सुरु भएको संघीय संसद्को बजेट अधिवेशनको पहिलो बैठकमार्फत राष्ट्रपति रामचन्द्र पौडेलले प्रस्तुत गरेको उक्त नीति तथा कार्यक्रम विगतभन्दा केही फरक ढाँचामा, कार्यक्रमगत सूचीभन्दा बढी रणनीतिक बुँदामा केन्द्रित छ। २३-२४ भदौ २०८० को जेन-जी विद्रोहपछि बनेको रास्वपा नेतृत्वको बहुमत सरकारको यो पहिलो पूर्ण नीति दस्तावेज भएकाले पनि यसलाई विशेष चासोका साथ हेरिएको छ। नीति तथा कार्यक्रममा कर्णाली प्रदेशलाई प्रत्यक्ष तथा परोक्ष रूपमा पर्यटन, जलविद्युत, जडीबुटी, कृषि, सडक पूर्वाधार, डिजिटल पहुँच र दुर्गम क्षेत्र विकासको केन्द्रमा राखिएको छ। तर, यी बुँदाहरू विगतका झैं कागजमा मात्र सीमित हुन् वा वास्तविक कार्यान्वयनमा जान्छन् त्यो हर्ने भने  बजेट प्रस्तु नहुन्जेल पर्खनु पर्नेछ। पर्यटनतर्फ कर्णाली, सुदूरपश्चिम र मधेशलाई प्राथमिकता दिँदै नयाँ गन्तव्य प्रवर्द्धन गर्ने भनिएको छ। रारा, से-फोक्सुण्डो, बुलबुले, काँक्रेबिहारजस्ता परिचित गन्तव्यसँगै अन्य सम्भावित स्थलको प्रवर्द्धन गर्ने कुरा सकारात्मक छ। तर, कर्णालीका धेरै गन्तव्य अझै पनि सडक पहुँच, पूर्वाधार र हस्पिटालिटीको अभावमा ओझेलमा छन्। यसैले नीति होइन, पहुँच निर्माण नै मुख्य चुनौती हो।

हिमाली र मध्यपहाडी क्षेत्रमा थप १० नयाँ पदमार्ग विकास गर्ने योजना पनि कर्णालीका चार हिमाली र छ मध्यपहाडी जिल्लाका लागि अवसर बन्न सक्छ, यदि योजना कागजमै सीमित नभएमा। मध्यपहाडी राजमार्गको स्तरन्नोति तीव्र पार्ने बुँदा कर्णालीका लागि विशेष रूपमा महत्वपूर्ण छ। दैलेख, जाजरकोट र रुकुम पश्चिमलाई समेट्ने यो राजमार्गमा जाजरकोटको मन्ताभिरमा करिब एक किलोमिटर ट्र्याक खुल्न बाँकी छ भने भेरी नदीमाथि पुल निर्माण दशकौँदेखि अलपत्र छ। नीति कार्यान्वयनले यी पुराना समस्या समाधान गर्न सक्छ वा फेरि आशाको चक्र मात्र दोहोर्याउने हो, त्यो हेर्न बाँकी छ। सहरी पूर्वाधार कमजोर भएका पालिकामा वृहत सहरिकरण योजना अघि बढाउने कुरा पनि उल्लेख छ। यसले कर्णालीको राजधानी वीरेन्द्रनगरलाई व्यवस्थित सहरीकरणतर्फ लैजान सहयोग गर्न सक्छ। त्यस्तै, मध्यपहाडी आसपासका नयाँ सहरलाई पहिचानयुक्त सहरका रूपमा विकास गर्ने योजना अन्तर्गत दैलेखको राकम र रुकुम पश्चिमको चौरजहारी उपत्यकाले प्रत्येक्ष लाभ पाउन सक्छन्। यी योजनाले दीर्घकालिन रूपमा बसाइँसराईको प्रवृत्तिमा समेत प्रभाव पार्न सक्छ। जाजरकोट भूकम्पबाट क्षति भएका संरचनाको पुनर्निर्माणलाई प्राथमिकता दिने बुँदा भने अझै पनि कार्यान्वयनको प्रतिक्षामै छ।

डिटेल ड्यामेज एसेसमेन्ट समेत पूरा नभएकाले प्रभावित नागरिक अझै अस्थायी टहरामा बस्न बाध्य छन्। नीति पुनः घोषणा हुनु मात्र पर्याप्त छैन, तीव्र पुनर्निर्माण अपरिहार्य छ। ऊर्जा क्षेत्रतर्फ सरकारले १० वर्षमा ३० हजार मेगावाट बिजुली उत्पादन गर्ने लक्ष्य लिएको छ। कर्णाली र भेरी बेसिनमा करिब १८ हजार मेगावाट सम्भावना देखिएको पृष्ठभूमिमा यो लक्ष्य कर्णालीका लागि ऐतिहाँसिक अवसर हो। तर, माथिल्लो कर्णाली, फुकोट कर्णाली, मुगु कर्णाली, हुम्ला कर्णाली, नलगाड र कर्णाली चिसापानीजस्ता ठूला आयोजना वर्षौंदेखि अलपत्र छन्। लगानीको वातावरण, कानुनी सुधार र राजनीतिक इच्छाशक्ति नभएसम्म यी आयोजना कागजमै सीमित हुने जोखिम उत्तिकै छ। अफग्रिड सौर्य, वायु तथा लघु जलविद्युत प्रणाली विस्तारको नीति भने कर्णालीका दुर्गम बस्तीका लागि व्यावहारिक र सकारात्मक संकेत हो। समग्रमा यो नीति तथा कार्यक्रमले कर्णालीलाई केन्द्रमा राखेको देखिन्छ। तर, कर्णालीका लागि वास्तविक प्रश्न नीति कति राम्रा छन् भन्ने होइन, कार्यान्वयन कति प्रभावकारी हुन्छ भन्ने हो। विगतका अनुभवले नीतिका कारण नभई कर्णालीको विकास कार्यान्वयनको कमजोरीले भएको तथ्य हामी माझ छ। यसर्थ, नीति तथा कार्यक्रममा मात्र केन्द्रमा राखेर हुँदैन। त्यसका लागि पर्याप्त बजेट र कार्यान्वयनको स्पष्ट रुपरेखा प्रस्तुत हुन आवश्यक छ।

# लिम्पियाधुरा कूटनीतिमा हेक्का राख्नुपर्ने ६ विषय



✍ अनुमा कोइराला

अबका दिनमा छिमेकी मुलुकहरूसँग हुने कूटनीतिक संवादका लागि नेपालले रणनीतिक ढङ्गले तयारी गर्नुपर्नेछ। विश्वका मुलुकहरूले कुनै विशेष संवाद अगाडि कसरी आफ्नो प्रभावकारी व्यक्तित्व निर्माणमा जुट्छन्। यसका उदाहरण हामीले देख्दै आएका छौं, जसबाट प्रेरणा लिएर नेपालले पनि आफूलाई पूर्व तयारीमा होम्नुपर्दछ। यसको महत्व बुझ्नका लागि छोटो उदाहरण हेरौं।

पश्चिम एशियामा गत फेब्रुअरीदेखि शुरु भएको अमेरिका-इजरायल तथा इरान युद्धमा भएको पछिल्लो युद्धविरामको समयमा, वार्ता उन्मुख हुँदै अमेरिकाले विशेष प्रबन्ध गरेको देखियो। उसले आफ्ना प्रतिद्वन्द्वी मुलुक रूस र चीनलाई सन्तुलनमा राख्यो। इन्डोनेसियालाई रक्षा साझेदार बनाउँदै (स्ट्रेट अफ मलक्का) मलक्का जलघाँटीमा पनि आफ्नो उपस्थिति देखाउँदै चीनलाई सचेत गरायो। इन्डोनेसियाको तटमा रहेको यो जलघाँटी मार्फत नै चीनको अधिकतम व्यापार हुने गर्छ।

वर्षौंदेखि चलिआएको सो व्यापारलाई नकारात्मक प्रभाव पार्न सक्ने संकेत अमेरिकी इशारामा इन्डोनेसियाले दियो। वार्ता नहुने भएपछि र युद्धलाई नै निरन्तरता दिनु पर्दा, अमेरिकाले अन्तिम घडीमा ताइवान मुद्दामा सकारात्मक रहने अभिव्यक्ति दियो। उता रूसलाई सन्तुलनमा राख्न जर्मनीबाट आफ्नो सेना पछि हटाउन पनि तयार भयो।

यसरी कूटनीतिक संवाद अगाडि मुलुकहरूले आफ्नो शत्रु राज्यको संख्या घटाए जस्तो र शक्ति बढाए जस्तो गरी विपक्षीका सामु एक किसिमको छाप छोड्ने पहलहरू गर्छन्। संवादमा आफ्नो मुद्दाले सक्दो धेरै स्थान ओगटोस् भन्नु नै उनीहरूको उद्देश्य हुन्छ। अब नेपालले पनि एउटा फराकिलो कूटनीतिक सोच अवलम्बन गरेर मात्र अघि बढ्नुपर्छ। भारत र चीनसँगको लिम्पियाधुरा सम्बन्धित कूटनीतिक संवादमा प्रस्तुत हुनुअगावै र हुँदै गर्दा पनि हेक्का राख्नुपर्ने कतिपय विषयहरू छन्।

**लिम्पियाधुरा कूटनीतिका लागि प्रधानमन्त्रीज्यूलाई सुझाव**

१. अहिले भारतले नेपाललाई उत्तर स्वरूप पठाएको कूटनीतिक नोटलाई धेरै सञ्चारमाध्यमले मसला बनाइरहेछन्, उक्साउने काम पनि गरिरहेछन्। तर वास्तविकतामा त्यो एउटा सकारात्मक उत्तर हो। नेपालसँग कूटनीतिक संवाद गर्न भारत तयार छ भनेर बुझेर सकारात्मक ढंगले नै यो सम्बन्धलाई जोगाएर आफ्नो स्वाभिमान र सार्वभौम सत्ता पनि जोगाउन सकिन्छ। भारतले वर्षौंदेखि सो मार्ग प्रयोग भइरहेको कुरालाई उद्धृत गरे तापनि आगामी जून महिनादेखि शुरु हुने भनिएको भारत-चीन व्यापारको बारेमा केही कुरा उल्लेख गरेको छैन, र संवादका लागि तयार रहेको स्वागतयोग्य मन्तव्य राखेको छ।

२. यहाँको दलको एक वरिष्ठ नेताले अब नेपालले एक छिमेकी मुलुकको प्रभाव क्षेत्रमा रहन तयार हुनुपर्ने भनेर केही समयअघि आह्वान गरेका थिए। सो नेताको सो आह्वानले प्रत्यक्ष ढंगबाट नेपाल-भारत संवादलाई प्रभाव पार्न सक्छ कि भन्ने विचार पनि पुऱ्याउनुपर्ने हुन्छ। उनले यसलाई पश्चिमाहरूको मनरो डक्ट्रिनको दक्षिण एशियाली भर्सनको रूपमा पनि अर्थ्याएका थिए।

यसको समर्थन गर्न जनतालाई आह्वान गर्दै गर्दा इतिहासका विद्यार्थीले यो कुरा सजिलै बुझ्छन् भन्दै जनतालाई लन्ठ्याडमन्ठ्याङ पार्ने नेतालाई निवेदन गर्न चाहन्छु कि, इतिहासकै विद्यार्थीको नाताले यस अन्तर्राष्ट्रिय दास बन्ने विचारको घोर भर्त्सना गर्दछु।

भविष्यमा फेरि-फेरि जनतालाई भ्रमतिर धकेल्ने आह्वान नगर्नुहोला, उहाँलाई मेरो अनुरोध। मनरो डक्ट्रिनका प्रतिपादक अमेरिकाका राष्ट्रपति जेम्स मनरो हुन्।

सन् १८२३ मा नै उनले यस सिद्धान्तको प्रतिपादन गरेको भए तापनि सन् १९०४ मा अमेरिकाका राष्ट्रपति थियोडर रुजवेल्टद्वारा यसको घोषणा कार्यान्वयन गर्ने काम भएको र यस सिद्धान्तलाई उनले एउटा ठूलो लठ्ठीको नीति (द्यष्न कतष्अप उयष्अिथ) को रूपमा क्षेत्रीय राजनीतिमा सचेत गराउनका लागि, युरोपेली मुलुक विशेषगरी तत्कालीन साम्राज्यवादी मुलुक बेलायतका विरुद्धमा प्रयोग गर्ने मनसायले पुनः घोषणा गरेका थिए।

अमेरिकाले स्पष्ट घोषणा गऱ्यो कि अमेरिका वरपरका राज्य एवं ल्याटिन अमेरिकी राज्यमा संयुक्त राज्य अमेरिकाको मात्र प्रभाव चाहन्छ। अमेरिकाले बेलायती साम्राज्यवादमा हस्तक्षेप नगर्ने र बेलायतले पनि अमेरिकी प्रभाव क्षेत्र अन्तर्गतका मुलुकहरूमा हस्तक्षेप नगरोस् भनेर सावधानी अपनाउनका लागि यस सिद्धान्तको कार्यान्वयन गरिएको थियो।

रास्वपाका सो नेताले अर्थ्याउनु भएको यस सिद्धान्तको दक्षिण एशियाली रूपका बारेमा अन्य कुनै पनि मुलुकले यसरी आधिकारिक वा अनाधिकारिक घोषणा नगरेको अवस्थामा समेत, केको हतारो परेर स्वघोषणा गर्ने बाध्यता आइलागेको थियो ? नेपाली जनताले यो दासत्व मानसिकता कदापि स्वीकार गर्दैनन्, बरु देशभक्ति र स्वाभिमान नै अँगालिरहन्छन्। जुन देशभक्तिलाई उनले नै आलोकाँचो (अपरिपक्व) राष्ट्रवाद भनेर नामकरण पनि गर्न भ्याएका थिए।

यहाँकै दलको सो नेतालाई सो राष्ट्रिय गल्ती सुधार गर्न लगाउनुहोला ताकि लिम्पियाधुरा कूटनीतिलाई यसले अप्रत्यक्ष ढंगले असर नगरोस्। दासत्व मानसिकता भएका नेता अग्रपंक्तिमा रहँदा, राष्ट्रिय स्वाभिमानका निम्ति लाभदायक नरहला कि भन्नेमा सचेतता अपनाइयोस्।

३. कुनै पनि मुलुक आफ्नो उचाइ घटाएर कूटनीतिक संवादतर्फ जाँदैन। छिमेकी मुलुकसँग सीमा सम्बन्धी असन्तुष्टि राखेर विवाद समाधानको बाटोमा अग्रसर यो सरकारले पहिले, आफ्नो मुलुकको वास्तविक परिचय सहित जानुपऱ्यो। नेपाल एक बफर राज्य हो भन्ने भ्रमयुक्त धारणालाई त्याग्नुपऱ्यो। साझा प्रतिबद्धता पत्रको मस्यौदामा यो लेखिनु कार्यकारी प्रमुख बाट भन्दा पनि मस्यौदाकारबाट, मुलुकको चिनारी जस्तो विषयमा, यो गम्भीर त्रुटि भएको हुनसक्छ। तर जनतालाई यो पनि विश्वास छ कि कहाँनिर यो कमजोरी भएको हो, त्यो यहाँले नै पत्ता लगाएर समस्याको समाधान गर्नुहुनेछ।

त्यसैगरी नेपाललाई निकट भविष्यमा ‘भाइब्रेन्ट ब्रिज’ बनाउने जुन उद्देश्य पनि सो प्रतिबद्धतापत्रमा छ, त्यो मात्र एउटा भ्रम हुनसक्छ। यसबाट सजग रहनुहोस्। नेपाल धार्मिक र आर्थिक क्षेत्र दुवैमा कुनै समय भाइब्रेन्ट ब्रिज थियो, तर सोही इतिहास दोहोरिने कुनै पनि आधार मस्यौदाकारले प्रस्तुत गर्न सक्लान्? यसप्रति सचेत रहँदै कृपया आवश्यक संशोधन गराउनुहोला।

४. कूटनीति शान्तपूर्ण हुनुपर्छ, राजनीतिभन्दा धेरै फरक हुन्छ र सानोतिनो गतिविधिले पनि कूटनीतिमा ठूलो अर्थ राख्छ भन्ने अन्तर्राष्ट्रिय मूल्यलाई बुझेर मात्र छिमेकीहरूसँगको कूटनीति निभाउनुहोला। विनम्रतालाई सधैं अँगाल्न लगाउनुहोला। ध्वनिको भन्दा तर्क र प्रमाणको स्वर ठूलो हुन्छ। प्रश्न गर्नेहरूलाई उत्तर दिन आतुर भएर कुनै पनि निर्णय वा प्रशासनिक कार्य छोटो समयमा सिध्याउनु भन्दा बरु केही दिन ढिलो भए पनि, त्यो सही हुन सक्छ र सह्य पनि। तर शीघ्रता ल्याउन खोज्दा हुन पुगेको सानो त्रुटि पनि कूटनीतिमा पाच्य नहुन सक्छ।

५. सोभूमि नेपालको हो भनेर प्रमाणित गर्ने यथेष्ट प्रमाण छन्। तत्कालीन समयमा कालापानीमा केही समयका लागि अनुमति माग गर्ने भारतका प्रधानमन्त्री नेहरूको पत्र राजा महेन्द्रले पढ्दै गर्दा, उक्त मन्त्रिपरिषद्को बैठकमा उपस्थिति जनाएका, एक पूर्वमन्त्रीलाई पनि पूर्व तयारीमा समेट्नुहुन्छ कि!

त्यसैगरी, गुन्जी, नाभी आदि जस्ता अतिक्रमित गाउँबाट तत्कालीन मालपोत अधिकृत प्रदीप सिंह धामी मार्फत, २०७२ मा भूमिसुधार तथा व्यवस्थापन विभाग बबरमहल पठाइएको, तर मालपोत कार्यालयमा मोठको नक्कल प्रति मात्र उपलब्ध छ भन्ने जुन हल्ला छ, यदि यो सत्य हो भने सो प्रमाणको सक्कल प्रति लुप्त पार्ने वा विदेशी सामु पुऱ्याउने राष्ट्रघातीलाई दण्डित गर्नुहोला।

पछिल्लो क्रममा सामाजिक सञ्जालमा वक्तव्य दिने शर्मा थरका एक अन्वेषक छन्, जसले १०८ वटा प्रमाण आफूसँग सङ्कलन भएको दाबी गरिरहेका छन्।

६. विगतको सरकारले अपनाएका ‘विज्ञप्ति जारी कूटनीति’ले मात्र पार लाग्दैन। ती अतिक्रमित गाउँका नागरिकसँग या त दुवै देशको या भारतको मात्र नागरिकता छ। उनीहरूले भारतले दिएको नागरिकता त्यागेर नेपालको राष्ट्रियता जोगाउँदा प्राप्त गर्ने भनेको नेपाली नागरिकता मात्र हो। तर यसको ठीक विपरीत गर्दा भारतको नागरिकतासँगै भारत सरकारले दिएको आरक्षणको सुविधा, आम्दानी र अरू विभिन्न सुखसयल पनि प्राप्त गरिरहेका छन्।

भारततर्फको बजारमा अस्पताल, बैंक, विद्यालय आदि संरचनाहरूको कमी छैन र अतिक्रमित गाउँका बासिन्दा त्यहाँका उपभोक्ता बन्न बाध्य छन्। त्यसैले नेपाल सरकारले सम्भावित आन्तरिक विद्रोह दुरुत्साहनतर्फ विशेष जागरुक हुन पनि आवश्यक छ।

यी तीता यथार्थलाई नेपाल सरकारले अत्यन्तै नजिकबाट नियालेर ब्यासका सम्पूर्ण गाउँलाई विकास र समृद्धिले यसरी भरिपूर्ण गरिदिनुपऱ्यो कि छिमेकी जिल्लाका स्थानीय पनि लाभान्वित हुन्। त्यसका लागि थाती बस्दै आएको दार्चुला-टिंकर सडक आयोजना त सम्पन्न हुनै पऱ्यो। अन्त्यमा, लिम्पियाधुरा विवाद समाधान भएपछि नेपाल-भारत सम्बन्धका अन्य असन्तुष्टिहरू पनि एक-एक गरेर समाधानतर्फ अघि बढ्ने नै छन्। उदाहरणका लागि ईपीजी प्रतिवेदन मुद्दा, अन्य सबै स्थानका सीमा अतिक्रमण मुद्दा आदि।

त्यसपछिको चरणमा नेपाल-भारत बीच भएका असमान सन्धिहरू प्रतिस्थापन गर्ने नीतिले पनि स्थान पाउनुपर्छ। लिम्पियाधुरा कूटनीतिका लागि उत्तरी छिमेकीलाई मनाउन अलिकति सजिलो छ। किनकि, सन् १९६१ मा भएको नेपाल-चीन सन्धिमा पनि नेपाललाई आवश्यक प्रमाण उपलब्ध छ। उत्तरबाट उत्तर कस्तो आउला त्यो भने हेर्नैपर्छ।

*(कोइराला, अंग्रेजी भाषामा लेखिएको 'नेपालको शान्ति क्षेत्र र राजनीतिक गतिरोध' पुस्तकका लेखक हुन्।)*

## विश्व

# ‘पाकिस्तानमा तीन महिनामा ३७० जना भन्दा बढी अफगान नागरिक मारिए’

**काबुल, २९ वैशाख ।**

२९वैशाख (रासस/एएफपी): चालु वर्षको पहिलो तीन महिनामा सरकारी सेना र पाकिस्तानबीचको द्वन्द्वमा कम्तिमा ३७२ जना अफगान नागरिक मारिएको संयुक्त राष्ट्रसङ्घले मङ्गलबार जनाएको छ।

सन् २०२१ मा तालिबान सत्तामा फर्किए पछि इस्लामाबाद र काबुल बीचको सम्बन्ध बिग्रिएको जनाइएको छ भने गत फेब्रुअरीमा पाकिस्तानका रक्षामन्त्रीले खुला युद्धको घोषणा गरेका थिए।

इस्लामावादले अफगान तालिबान सरकारलाई आतङ्ककारीहरूलाई आश्रय दिएको आरोप लगाएको छ।

अफगान अधिकारीहरूले पाकिस्तानले शत्रु समूहहरूलाई शरण दिएको र आफ्नो सार्वभौमसत्तालाई सम्मान नगरेको आरोपलाई अस्वीकार गरेका छन्। अफगानिस्तानमा संयुक्त राष्ट्र सहायता मिसन (युएनएएमए) ले सन् २०२६ जनवरी -१ र मार्च  ३१ को बिचमा, अफगानिस्तानको सुरक्षा बल र पाकिस्तानी सैन्य बलहरू बिच भएको सीमापार सशस्त्र हिंसामा ३७२ जना नागरिकहरूको मृत्यु हुनुका साथै ३९७ घाइते भएको जनाएको छ।

रिपोर्टको लिखित जवाफमा इस्लामाबादले यस वर्षको सुरु देखि १३० जना पाकिस्तानी नागरिक र सुरक्षाकर्मी मारिएको बताएको छ।

पाकिस्तानको विदेश मन्त्रालयले इस्लामाबादका लागि काबुलका शीर्ष दूतलाई बोलाएर सप्ताहन्तमा १५ जनाको ज्यान गएको बताएको थियो जसमा अधिकांश प्रहरी अधिकारीहरू थिए।

अफगानिस्तान र पाकिस्तान बीच लामो समयदेखि चलिरहेको सीमापार झडप गत वर्षको अक्टोबरमा झनै चर्किएको थियो, जसमा दर्जनौँको मृत्यु भएको थियो।

पछिल्लो तीन महिनाको आँकडा सन् २०११ देखि युएनएएमएद्वारा रेकर्ड गरिएको अवधिको स९_यामा सबै भन्दा बढी हो।

रिपोर्टका अनुसार जनवरी १ देखि मार्च ३१ सम्म अफगानिस्तानमा १३ महिला, ४६ बालबालिका र ३१३ पुरुष मारिएका थिए।

हताहतको प्रमुख कारण हवाई आक्रमण भएको भन्दै राष्ट्रसङ्घले अन्य हाताहात सीमापार गोलीबारीबाट भएको उल्लेख गर्दै एक जना अधिकार कर्मीको समेत मृत्यु भएको जनाएको छ। तालिबान सरकारले उक्त घटनामा ४०० भन्दा बढी सर्वसाधारणको मृत्यु भएको जनाएको छ।

प्रतिवेदनमा समावेश गरिएको लिखित प्रतिक्रियामा पाकिस्तानले अस्पताल, लागुऔषध पुनःस्थापना केन्द्र वा नागरिक सुविधालाई लक्षित नगरि कारबाही आतङ्कवादी र सैन्य पूर्वाधारविरुद्ध मात्र निर्देशित भएको जनाएको छ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ। दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ। केही राम्रै अवसर प्राप्त हुनेछन्।

**वृष** — गरिएका कामको प्रशंसा हुनेछ। नयाँ अवसरले उत्साह जगाउनेछ। नियमित काम तथा पेसा-व्यवसायमा पनि राम्रो उपलब्धि प्राप्त हुनेछ।

**मिथुन** — आजको दिन केही संघर्षमय रहने देखिन्छ। जिम्मेवारी थपिए पनि स्वास्थ्य कमजोर रहनाले काममा बाधा पुग्नेछ। धेरै समय अरूका लागि खर्चनुपर्ला।

**कर्कट** — स्वास्थ्य कमजोर रहनाले काम गर्न समय लाग्नेछ। जिम्मेवारी बढ्नेछन् तापनि न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ने स्थिति देखिन्छ।

**सिंह** — प्रियजनसँग भेटघाट हुनाले दिन रमाइलो रहनेछ। रमाइलो स्थान भ्रमण गर्ने अवसर प्राप्त हुनेछ। परिस्थिति कमजोर देखिए पनि अतिथिका रूपमा सत्कार पाइनेछ।

**कन्या** — आँट गर्दा प्रतिस्पर्धीहरूलाई सजिलै पछि पार्न सकिनेछ। रोकिएका काम बन्नाले मनग्य लाभ हुनेछ। चुनौती पन्छाएर काम बनाउन सकिनेछ।

**तुला** — जिम्मेवारी थपिए पनि धेरै समय अरूका लागि खर्चनुपर्ला। अर्थ-उपार्जनमा पनि मन्दी आउने बेला छ। कामको मेसो नमिल्दा व्यवहारमा पछि परिनेछ।

**वृश्चिक** — अरूको फाइदाका लागि उपयोग भइनेछ भने अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्ला। ईर्ष्या गर्नेहरूले काममा अवरोध पुर्याउलान्।

**धनु** — नयाँ काम प्रारम्भ गर्ने समय छ। चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ। पहिलेको उपलब्धिले उत्साह जगाउनेछ।

**मकर** — आफ्ना कमजोरीमाथि टिप्पणी हुने समय रहेकाले सजग रहनुहोला। नसोची चुनौती अँगाल्ने बानीले काम रोकिन सक्छ।

**कुम्भ** — आफन्त र साथीभाइको सम्पर्कबाट टाढा बस्न मन लाग्नेछ। आगन्तुकले व्यर्थैमा अलमल्याउन सक्छन्। केही अवसर प्राप्त भए पनि चुनौतीसँग जुध्नुपर्नेछ।

**मीन** — खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ। फाइदाका लागि दोहोर्याएर प्रयत्न गर्नुपर्ला। आवश्यकता पूरा गर्न सरसापट वा ऋण लिनुपर्ने हुन सक्छ।

# नयाँ सरकारको पहिलो नीति कार्यक्रम

**युग संवाददाता**
**काठमाडौँ, २९ वैशाख ।**

सङ्घीय संसद्को बजेट अधिवेशन सोमबारदेखि सुरु भएको छ। नेपालको संसदीय परम्पराअनुसार सोमबार सङ्घीय संसद्मा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत भएको छ। प्रधानमन्त्री वालेन्द्र शाहले टेबुल गरेपछि संसद्को संयुक्त बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलले नेपाल सरकरको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गरे। नेपालको संविधानको धारा ९५ बमोजिम राष्ट्रपतिले संसद्मा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन्।

सरकारले नागरिकमैत्री सेवामार्फत् शासकीय सुधार गर्ने उद्देश्यले १०० दिनमा गरिने १०० कार्यसूची सार्वजनिक गरेको थियो। वर्तमान सरकार गठन भएलगत्तै पहिलो मन्त्रिपरिषद् बैठकले उक्त शासकीय सुधारको आधार पत्र जारी गरेर कार्यान्वयन गरिरहेको छ। यस शासकीय सुधारका व्यवस्थासँगै आमनागरिकले परिवर्तनको अनुभूति गर्न थालेका छन्।

विगतमा सरकारी कार्यालयमा समयमै सेवा नपाएर जनताले दुःख पाउने प्रवृत्ति अहिले धेरै हदसम्म हटेको छ। जनता प्रत्यक्ष जोडिएका श्रम, यातायात, स्वास्थ्य, शिक्षालगायतका सरकारी अड्डाहरूमा तोकिएकै समयमा सेवा प्राप्त हुन थालेको छ। कर्मचारी प्रशासन सेवाग्राहीप्रति उत्तरदायी बन्दा नागरिकले सेवाग्राहीमैत्री प्रशासनको अनुभूति गर्न पाएका छन्।

अर्कातर्फ सरकारले कर्मचारीको कार्यसम्पादनलाई नतिजामुखी र मापनयोग्य बनाएको छ। यसबाट हरेक कर्मचारी सेवा, नागरिक र राज्यप्रति जवाफदेही बन्न थालेका छन्। दैनिक सेवा प्रवाहमा सुधार ल्याउन सरकारले यी कार्यसम्पदन सूचकलाई नतिजामा आधारित बनाएको छ।

गुनासो व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याइएकाले गुनासो, सुझाव तथा सेवा अनुरोधलाई छिटो, प्रभावकारी तथा परिणाममुखी रूपमा सम्बोधन गर्न थालेका पनि छन्। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत रहने गरी अधिकारसम्पन्न सम्पत्ति छानबिन आयोग गठन भएको छ भने सार्वजनिक खरिद प्रक्रियामा हुने ढिलासुस्तीलाई निरुत्साहित गर्न सार्वजनिक खरिद ऐनमा संशोधन गरिएको छ। यसका साथै खरिद एवं अन्य कार्यप्रणालीलाई डिजिटल, पारदर्शी बनाई प्रतिस्पर्धालाई प्रोत्साहन गरिएको छ।

त्यस्तै स्वदेशमै उद्यमशीलता प्रवर्द्धन, लगानी वातावरण सुधार तथा व्यवसाय दर्ता आदि प्रक्रियाहरूलाई सहज, सरल र छिटो बनाइएको छ। व्यवसाय गर्नभन्दा व्यवसाय दर्ता गर्न गाह्रो, व्यवसायबाट मुनाफा आर्जन गर्नभन्दा कर तिर्न गाह्रो भएको अव्यवहारिक नीति र पद्धतिमा सुधार ल्याएर डिजिटल प्लेटफर्ममार्फत नै यी प्रक्रियाहरू सरल बनाइएको छ।

व्यवसायीहरू एउटै र उस्तै प्रकृतिको कामका लागि पनि कैयौँ कार्यालय धाउनुपर्ने अवस्था हटाउन व्यवसाय दर्तादेखि बन्दसम्मका सबै कामका लागि सरकारले डिजिटल प्लेटफर्महरू सञ्चालनमा ल्याएको छ। सय दिने कार्यसूची र त्यसको कार्यान्वयनका लागि अपनाइएका विधि र पद्धतिबाट नागरिकमा सेवाको सहजतामा आशा पलाएको छ। यी कार्यक्रमहरूसँगै तादाम्यता कायम गर्दै सरकारले नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ।



सरकारको यो नीति तथा कार्यक्रममा विशेषगरी नीतिगत सुधार र यसमार्फत सार्वजनिक सेवा प्रवाहमा गुणस्तरीय परिवर्तन प्राथमिकतामा छ। त्यसैगरी सुशासन र आर्थिक पारदर्शितालाई प्राथमिकतामा राखेको छ। नीति तथा कार्यक्रममा सरकारले मुलुकको संरचनात्मक सुधार र यसमार्फत् समृद्ध समाज निर्माणका क्षेत्रलाई प्राथमिकतामा राखेको छ। विगतदेखि नै सङ्कटमा रहेको अर्थतन्त्रको पुनःसंरचना गरी यसका माध्यमबाट आर्थिक स्तरोन्नतिको नयाँ चरण सुरु गर्ने अभिलाषा यो नीति कार्यक्रमले राखेको छ।

यसका लागि निजी क्षेत्रसँगको सहकार्य र स्वदेशी तथा विदेशी लगानी आकर्षणका लागि लगानीमैत्री नीति र वातावरण तयार गर्ने वाचा यस नीतिमार्फत् पनि अघि सारिएको छ। सुशासन र पारदर्शिता कायम गर्दै प्रशासनिक पुनःसंरचनाका माध्यमबाट आर्थिक विकास सरकारको प्राथमिकतामा देखिएको छ।

स्वदेशमै बसेर विदेशी कम्पनीमा काम गर्नेगरी रिमोर्ट वर्क नीति, वैदेशिक रोजगारीबाट फर्केका युवाका लागि स्किल पासपोर्टको व्यवस्था, २०८३ देखि २०९३ सम्मलाई रोजगार प्रवर्द्धन दशक घोषणा तथा कमाउँदै सिक्दै अवधारणामा आधारित राष्ट्रिय कार्यक्रम यसका विशेषता हुन्।

साथै बढी लगानी गर्ने विदेशी लगानीकर्ताका लागि लगानी भिषाको व्यवस्थाले नेपालमा वैदेशिक लगानीकताहरूलाई आकर्षित गर्न सक्छ। भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीतिलाई अभियानकै रूपमा अघि बढाइने कुराले सुशासनको प्रवर्द्धन गर्नसक्छ। आगामी दशक ३० हजार मेगावाट विद्युत् उत्पादनदेखि आगामी दशकमा औसत सात प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य राखिनु सकारात्मक छ। सार्वजनिक सेवा प्रवाहमा आमूल सुधार गरी नागरिकलाई सुशासनको अनुभूति गराइने कुरा अर्को आशालाग्दो कार्यक्रम हो।

सरकारले सुशासन र राष्ट्रिय आयका लागि सूचना प्रविधि क्षेत्रलाई राष्ट्रिय रणनीतिक उद्योगका रुपमा घोषणा गर्ने नीति लिएको छ भने विद्यालय तहदेखि नै एआई र अत्याधुनिक प्रविधि पढाइने कार्यक्रम अघि सारेको छ।

साथै देशमा पर्यटन क्षेत्रको प्रवर्द्धनका लागि देवभूमि नेपाल राष्ट्रिय अभियानमार्फत आध्यात्मिक पर्यटन प्रवर्द्धन गर्न पशुपतिनाथ, लुम्बिनी, जनकपुरधाम र मुक्तिनाथलाई आध्यात्मिक तीर्थ कूटनीतिसँग जोडिनुले नेपालमा पर्यटन प्रवर्द्धनमा सहयोग पुग्नेछ।

सरकारले निजामती तथा अन्य सरकारी सेवालाई तटस्थ, निष्पक्ष, उत्तरदायी बनाउने घोषणा गरेको छ भने निजामती सेवालाई नतिजामुखी बनाउन ट्रेड युनियन खारेजी तथा स्वार्थको द्वन्द्व नियन्त्रणका लागि कानुनको तयारी भइरहेको जनाएको छ। यसबाट मुलुकको निजामती प्रशासन नतिजामुखी र तटस्थ बन्न सहयोग पुग्नेछ।

# सैँतिस वर्षदेखि व्यवसायिक कृषिमा रमाउँदै थारू

**युग संवाददाता**
**बर्दिया, २९ वैशाख ।**

यहाँको बढैयाताल गाउँपालिका-८ फूलपुरका-६८ वर्षीय किसान ईश्वरीप्रसाद थारूले कृषि पेसाबाटै वार्षिक लाखौँ आम्दानी गर्दै आएको छ। विगत ३७ वर्षदेखि मौसमी तथा बेमौसमी तरकारीखेती गर्दै आएका उनले माटोमै आर्थिक समृद्धिको सम्भावना देखेपछि कृषि पेसालाई मुख्य आयस्रोत बनाएका छन्।

उहाँका अनुसार एक बिघा जमिनमा वार्षिक रूपमा धान करिब ३५ क्विन्टल, आलु १८० क्विन्टल र तरबुजा १५० देखि १६० क्विन्टलसम्म उत्पादन गर्नुहुन्छ। त्यसैगरी, नौ कट्ठा क्षेत्रफलमा लगाइएको काँक्राबाट मात्रै वार्षिक तीन लाख रुपैयाँभन्दा बढी आम्दानी लिने गर्नुहुन्छ।

एक बिघा १० कट्ठामा गरिएको कृषि व्यवसायबाट वार्षिक करिब १३ लाख रुपैयाँ आम्दानी हुने र करिब पाँच लाख रुपैयाँ लागत लाग्ने उनको भनाइ छ। उनले चार वर्षअघि सुरु गर्नुभएको तरबुजाखेती पहिलो वर्षमै सफल भएपछि थारूले यसलाई निरन्तरता दिएका छन्।

## VACANCY ANNOUNCEMENT

<u>Published Date</u>: **29th Baisakh, 2083**

**Valley Meridian Academy (VMA)**, a leading educational institution in the valley is an eminent as well as a high performing school that primarily focuses on **progressive education** in recent years for all-rounded development of the students incorporating experimental and activity based teaching-learning approach with immediate effect. As we are expanding our team, we invite applications from well-qualified, experienced, dedicated and self-motivated candidates in the following post listed below:

1. **Post** : **Secondary Level Computer Teacher**
   **Required No** : **1 (One)**
   **Qualification** : **Bachelor or Master's Degree in Computer Science** with at least **2 years** of working experience in the relevant field
   **Eligibility** : Must possess strong command over written and spoken English
   **Salary** : **NRs. 40,000 + Allowance** per month
   **(Salary is paid on a monthly basis)**

Interested candidates having proficiency and a positive attitude are highly encouraged to send their resume along with the **cover letter** at valleymeridian2063@gmail.com or drop in to the school office in person to apply until 3rd Jesth, 2083.

*Only shortlisted candidates will be called for the further recruitment procedure.*

**Valley Meridian Academy (VMA)**
Birendranagar-09, Latikoili, Surkhet
Contact No. : 083-520587, 9858052921

## कांग्रेसले...

पार्टी अभियानमा आम सदस्यलाई सिधै जोड्न जरा अभियान अन्तर्गत चलिरहेको क्रियाशील सदस्यता अध्यावधिक अभियानमा सक्रिय रहन पार्टी पंक्तिलाई प्रेरित गर्ने र आवश्यक सहजीकरण गर्ने संकल्पसमेत कांग्रेसले गरेको छ।

कांग्रेस केन्द्रीय समिति, कर्णाली प्रदेश र स्थानीय सरकारका जनप्रतिनिधि तथा पार्टीका प्रदेश, स्थानीय र जिल्ला तहका नेतृत्वबीच दुई दिन चलेको संवाद, विषयगत छलफल र विस्तृत अन्तरक्रियाको आधारमा संकल्प जारी गरिएको हो। भेलालाई कांग्रेस सभापति गगन थापा, उपसभापति विश्वप्रकाश शर्मा लगायतका केन्द्रीय नेताहरुले सम्बोधन गरेका थिए।

## परिवार...

कर्णालीमा ९५.८ प्रतिशत छ, जुन देशकै सबैभन्दा उच्च हो। राष्ट्रिय स्तरमा यस्तो दर ८५.४ प्रतिशत छ। तर, बालश्रममा संलग्न ५-१७ वर्ष उमेर समूहका बालबालिकाको प्रतिशत कर्णालीमा २४.१ छ, जबकि राष्ट्रिय स्तरमा यो दर १२.१ प्रतिशत मात्रै छ।

# सुदूरमा एकीकृत फोहरमैला व्यवस्थापन केन्द्र सञ्चालनमा

**युग संवाददाता**
**महेन्द्रनगर, २९ वैशाख ।**

सुदूरपश्चिम प्रदेशका दुई वटा पालिकाका एकीकृत फोहरमैला व्यवस्थापन केन्द्र सञ्चालनमा आएका छन्। क्षेत्रीय सहरी विकास आयोजनाअन्तर्गत एसियाली विकास बैंक (एडीबी) को सहयोगमा कञ्चनपुर र कैलालीमा गरी तीन पालिकामा फोहरमैला व्यवस्थापन केन्द्रको काम अघि बढेको थियो।

कैलालीको अत्तरीया र कञ्चनपुरको शुक्लाफाँटा नगरपालिकामा फोहरमैला व्यवस्थापन केन्द्र सञ्चालनमा आइसकेका छन्। सङ्घीय आयोजना कार्यान्वयन एकाइ धनगढीका प्रमुख तुलसीराम खर्वुजाले कैलालीको धनगढी उप महानगरपालिकामा रहेको फोहोमैला व्यवस्थापन केन्द्र शीघ्र सञ्चालनमा आउने दाबी गरे।

तोकिएको समयमै निर्माण सम्पन्न भए पनि धनगढी उप महानगरपालिका-७ पटेलामा बनिरहेको फोहरमैला व्यवस्थापन केन्द्रको निर्माण निर्माण पक्षले समयमै सम्पन्न गरेपनि सञ्चालनमा आउन सकेको छैन्। थप गरेर रु एक अर्ब नौ करोड लगात अनुमान रहेको उक्त व्यवस्थापन केन्द्रको 'भिओ' (भेरियसन अर्डर) प्रक्रियामा रहेकाले सञ्चालनमा ढिलाइ हुन गएको हो। "भिओको लागि माथिल्लो निकायमा पेस गरेका छौँ।" सङ्घीय आयोजना कार्यान्वयन एकाइ धनगढीका प्रमुख खर्वुजाले भने, "फोहरमैला व्यवस्थापनका लागि आवश्यक सवारीसाधन र 'स्टिमेट'मा नभएको विषयको निर्माणमा पालिकाले माग गरेपछि 'भेरियसन अर्डर' अघि बढाइएको हो।"

धनगढीको फोहरमैला व्यवस्थापन केन्द्रमा ३० वर्षसम्म धनगढीको फोहर व्यवस्थापन गर्न सकिने छ। चीनको सिचुवान प्रोभिन्स जियोलोजिकल इन्जिनियरिङ कम्प्लेक्सले ठेक्का पाएर निर्माणको काम तोकिएकै अवधीमा सकेको हो। तर 'भिओ'का कारण निर्माण पक्षले अहिले काम गर्न पाएको छैन।

सङ्घीय आयोजना कार्यान्वयन एकाइ धनगढीका अनुसार कैलालीको अत्तरियामा करिब १० महिना र शुक्लाफाँटा नगरपालिकामा गत भदौ महिनादेखि फोहरमैलला व्यवस्थापन केन्द्र सञ्चालनमा आइसकेका छन्। "तीन वर्षसम्म व्यवस्गापन केन्द्र निर्माण कम्पनी आफैले सञ्चालन गर्नुपर्ने हुन्छ", उनले भने, "त्यसपछि सम्बन्धित पालिकालाई हस्तान्तरण हुन्छ।"

सुदूरपश्चिममा एडिबीले चार वटा पालिकामा फोहरमैला व्यवस्थापन केन्द्र निर्माणका लागि छनोट गरेको भए पनि कञ्चनपुरको भीमदत्त नगरपालिकाले त्यसका लागि जग्गा उपलब्ध गराउन सकेन। धनगढीमा २२ हेक्टर, शुक्लाफाँटामा पाँच बिघा र अत्तरियामा पाँच हेक्टर क्षेत्रफलमा फोहरमैला व्यवस्थापन केन्द्र बनेका छन्।

## बहुसूचक...

मापन गरिएको उनले बताए।

पहिलो पटक १५-२४ वर्ष उमेर समूहका किशोरकिशोरीको मानसिक स्वास्थ्य सम्बन्धी विवरणसमेत संकलन गरिएको उनले बताए। साथै छनौटमा परेका घरपरिवारहरूको स्वास्थ्यमा प्रत्यक्ष असर पार्ने पिउने पानीमा रहेका हानिकारक जीवाणु इ-कोली तथा आर्सेनिकको स्थलगत परीक्षणसमेत गरिएको थियो।

**झाडापखाला र श्वासप्रश्वास समस्या बढी**

सर्वेक्षणअघिका दुई हप्तामा कर्णालीका ११.१ प्रतिशत बालबालिकालाई झाडापखाला लागेको देखिएको छ। तीमध्ये २८.२ प्रतिशतले पुनर्जलीय झोलसँगै जिंक चक्की पाएका छन्। श्वासप्रश्वासका लक्षण भएका पाँच वर्षमुनिका बालबालिकाको प्रतिशत कर्णालीमा ४.४ छ, जबकि राष्ट्रिय स्तरमा यो दर २.७ प्रतिशत छ।

**प्रारम्भिक बाल विकास र शिक्षामा चुनौती**

३६-५९ महिनाका ४८.८ प्रतिशत बालबालिका प्रारम्भिक बाल शिक्षा कार्यक्रममा सहभागी हुने गरेका छन्। प्रारम्भिक बाल विकास सूचकांक कर्णालीमा ५०.९ प्रतिशत छ भने राष्ट्रिय स्तरमा ६३.३ प्रतिशत रहेको तथ्यांकले देखाउछ। विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत भने कर्णालीमा राष्ट्रिय दरभन्दा कम देखिएको छ। कक्षा १-५ मा ३.७ प्रतिशत, कक्षा ६-८ मा ३ प्रतिशत तथा कक्षा ९-१२ मा १०.५ प्रतिशत बालबालिका विद्यालय बाहिर छन्। कक्षा १ मा भर्ना हुने उमेरका बालबालिकामध्ये कर्णालीमा ५२.५ प्रतिशत विद्यालय भर्ना भएका छन्, जुन राष्ट्रिय दर ४१.२ प्रतिशतभन्दा बढी हो।

**गहिरिँदै मानसिक स्वास्थ्य समस्या**

सर्वेक्षणअघिको दुई हप्तामा डिप्रेसन वा चिन्ताका लक्षण अनुभव गर्ने १५-२४ वर्ष उमेर समूहका किशोरकिशोरी कर्णालीमा ११.५ प्रतिशत छन्। राष्ट्रिय स्तरमा यस्तो दर ९.३ प्रतिशत छ। आत्महत्याको सोच आउने किशोरकिशोरीको प्रतिशत कर्णालीमा १.१ तथा आत्महत्याको प्रयास गर्नेको प्रतिशत १.८ छ। कर्णालीमा १५-४९ वर्ष उमेर समूहका १३.१ प्रतिशत महिला र १६.४ प्रतिशत पुरुष स्वास्थ्य बीमामा आबद्ध छन्। ५-१७ वर्ष उमेर समूहका १२.६ प्रतिशत तथा पाँच वर्षमुनिका ८.५ प्रतिशत बालबालिका स्वास्थ्य बीमामा आबद्ध रहेको सर्वेक्षणले देखाएको छ।

श्री बौद्ध ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि.द्वारा संचालित

## बि.जी. एकेडेमी एण्ड रिसर्च सेन्टर

वीरेन्द्रनगर-९, लाटीकोईली, सुर्खेत

### शिक्षक कर्मचारी आवश्यकता सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८३।०१।२९)

बौद्ध ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि.द्वारा संचालित यस विद्यालयमा रिक्त हनु आएको तपशिलमा उल्लेखित विवरण बमोजिम पदमा शिक्षक तथा कर्मचारी पदपुर्ति गर्नुपर्ने भएकाले योग्य नेपाली नागरीकहरुबाट मिति : २०८३।०१।२९ गतेदेखि जेष्ठ १२ गतेसम्म आईपुग्ने गरी आफूले प्राप्त गरेका सम्पुर्ण प्रमाणपत्र सहित दरखास्त आव्हान गरिन्छ।

| विज्ञापन नं. | पद | आवश्यक संख्या | आवश्यक न्यूनतम योग्यता | वाञ्छनीय योग्यता | सेवा सुविधा |
|---|---|---|---|---|---|
| ०४-२०८२/०८३ | बिषय शिक्षक (कम्प्यूटर बिषय) कक्षा १ देखि ५ सम्म | १ जना | कम्प्यूटर विज्ञान, आई.टि. वा सम्बन्धित बिषय वा क्षेत्रमा स्नातकतह अध्ययनरत | माथिल्लो योग्यता भएको, प्रथम श्रेणीमा उतीर्ण, अध्यापन अनुमती पत्र भएको, योग्य, अनुभवी, प्रविधिमैत्री शिक्षणमा दक्ष, अंग्रेजी भाषामा दख्खल भएको व्यक्तिलाई ग्राहयता दिईने छ। | संस्थाको नियमानुसार सेवा सुविधा रहेको। |
| ०५-२०८२/०८३ | खेलकुद शिक्षक | १ | शारिरिक शिक्षा, खेलकुद विज्ञान, वा सम्बन्धित बिषय वा क्षेत्रमा स्नातकतह अध्ययनरत | ५ देखि १२ बर्षका उमेर समुहका बालबालिकाहरुलाई दैनिक रुपमा खेलकुद तथा शारिरिक शिक्षा सिकाउन सक्ने, विभिन्न खाले खेलहरु खेलाउने, खेलकुद प्रतियोगिता आयोजना गर्ने र विद्यालयको कार्यक्रमहरुमा खेलकुदसंग सम्बन्धित प्रर्दशनीहरु आयोजना गर्ने, खेलकुदका सामाग्री प्रयोग तथा सुरक्षा व्यवस्था कायम गर्नसक्ने अनुभव भएको। | संस्थाको नियमानुसार |
| ०६-२०८२/०८३ | लेखापाल | १ | व्यवस्थापन संकायमा +२ वा प्रविणता प्रमाण पत्र तह उतिर्ण गरी स्नातकतह अध्ययनरत | दैनिक वित्तिय कारोबार व्यवस्थापन गर्नसक्ने, लेखापालन एवं लेखाका अभिलेख व्यवस्थापन गर्न सक्ने, मासिकरत्रैमासिकरबार्षिक वित्तिय प्रतिवेदनहरुका साथै कर्मचारी तलब र बजेट विवरणहरु तयार गर्न सक्ने, मासिक शुल्क संकलन गर्ने तथा विभिन्न सप्लायर्सहरुलाई रकम भुक्तानी गर्ने एवं कर व्यवस्थापन सम्बन्धमा ज्ञान भएको व्यक्तिलाई ग्राहयता दिईने छ। | संस्थाको नियमानुसार |

१. दरखास्त फारम भर्ने तरीका र पेश गर्नुपर्ने कागजातहरु : दरखास्त फारम विद्यालय वा बौद्ध ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि. को शाखा कार्यालयहरु वा संस्थाको आधिकारीक वेव साईट www.bgmcl.com/career वाट डाउनलोड गरी रीत पुर्वक भरी संस्थाको नजिक पायक पर्ने शाखा कार्यालयहरुमा निम्न बमोजिम कागजातहरु र रु. ३०० (अक्षरेपीः तिन सय मात्र) दरखास्त दस्तुर सहित मितिः २०८३।०२।१२ गतेसम्ममा कार्यालय समय भित्र बुझाउनु पर्नेछ।
   क) नेपाली नागरिकताको प्रमाणीत प्रतिलिपी
   ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी,
   ग) फोटो सहितको व्यक्तिगत विवरण (CV)
   घ) सम्बन्धित तालिमको प्रमाणपत्र-अनुभव पत्र
२. भर्ना छनौट प्रकृया : यस पदका लागी योग्यता पुगेका उम्मेद्धारहरुबाट अन्तिम मितिसम्म रितपुर्वक आएका दरखास्त फारमहरु उपर आवश्यक कार्यवाही गरि संस्थाको केन्द्रिय कार्यालयमा अन्तरवार्ता एवं सिप परीक्षण कार्यक्रम आयोजना गरी उत्कृष्ट उम्मेद्वारहरु संस्थाको सेवाका लागि भर्ना छनौट गरीनेछ।
३. विस्तृत जानकारीको लागी सम्पर्क नं.: ०८३-५२१९६९, web: www.bgmcl.com/career, FB : www.facebook.com/BGMCL

**पदपूर्ति समिति**
**बौद्ध ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि.**
**वीरेन्द्रनगर-०९, लाटिकोईली सुर्खेत।**

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# भेरी नदीमा छ पुलको काम अझै अलपत्र



**◣हेमन्त केसी/रासस**
**सुर्खेत, २९ वैशाख ।**

सन् २०१९ नोभेम्बर ७ मा नेपाली सेनाले जाजरकोट डोल्पा सडकखण्डको ११८ किलोमिटरमध्ये १०३ किलोमिटर सडकको ट्र्याक खालेर सडक डिभिजन चौरजहारीलाई एक औपचारिक कार्यक्रमका साथ छलगाडको किनारमा हस्तान्तरण गरेको थियो ।

सोही खण्डमा बाँकी रहेका १४ पुल निर्माण गर्नका लागि राष्ट्रिय योजनाले अर्थ मन्त्रालयले मागेको सहमति दिएको छ । सडक हस्तान्तरण गरेको सात वर्षपछि यो सडक खण्डको ५६ किमी कालोपत्रेको काम अन्तिम चरणमा पुगेको छ । बाँकी ठाउँमा काम गर्न ठेक्का लागे पनि काम अझै सुरु भएको छैन ।

जाजरकोटको नलगाड-१२ बाट डोल्पाको दुनैसम्मको ६२ किलोमिटर निर्माण बाँकी रहेका १४ वटा पुल निर्माण गर्न योजना आयोगले सहमति दिएको छ । यही सडक खण्डको जाजरकोटको तल्लुदेखि डोल्पाको सदरमुकाम दुनैसम्म १४ वटा पुल निर्माण गर्नुपर्ने भन्दै लामो समयदेखि फाइल मन्त्रालय हुँदै योजना आयोग पुगेको थियो ।

स्रोत सुनिश्चित भएसँगै अब अन्य कामहरू सुरु हुने योजना प्रमुख नरेश केसरीले जानकारी दिए । तीस मिटरभन्दा कमको पुलको डिजाइन स्वीकृत सङ्घीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय सुर्खेतले गर्दछ । त्योभन्दा माथिको लागि माथिल्लो निकायमा पढाउने गरिन्छ ।

भेरी कोरिडोरभित्रका फूलबारीखोला पुल, चिसापानीखोला पुल, खहरेखोला, घट्टेखोला, मनकाखोला, रिजिगार, उसुमखोला, कर्पगाड, खदाङ, खदाङभेरी पुल, चुँगाड, त्रिपुराकोट, गल्ली गाड, खोरखोलामा पुल निर्माण गर्न सहमति दिइएको हो तर यही सडकखण्डमा छ वर्षदेखि पाँचवटा पक्की पुल अलपत्र पर्दै आएका छन् ।

हाल यो सडकखण्डको नामकरण भेरी कोरिडोर सडक योजना राखिएको छ । यो कोरिडोरको कुल लम्बाइ ३१० किमी रहेको छ । जाजरकोट खलङ्गाको पासागाडदेखि नलगाड नगरपालिका-१२ तल्लुसम्म कालोपत्रेको काम यति बिल्ड्समार्फत भइरहेको छ ।

सुर्खेतबाट डोल्पाको अन्तिम विन्दुअर्थात् नेपालको चीनको सिमाना मरिमसम्म ३१० किमी रहेको भेरी कोरिडोर सडक योजना हाल जाजरकोटको अन्तिम विन्दु तल्लुसम्म काम भइरहेको छ । सुर्खेत, सल्यान, जाजरकोट, रुकुम पश्चिम र डोल्पाको अन्तिम विन्दु मरिमअर्थात् चीनको सिमानासम्म पुगेर यो सडक पूरा हुन्छ । भारत, नेपाल र चीन जोड्ने सबैभन्दा छोटो मार्गका रूपमा रहेको योजना प्रमुख केसरीले बताए ।

**कहाँ कहाँ अलपत्र छन् त पुल ?**

भेरी कोरिडोरमा (जाजरकोट-डोल्पा) छ वर्षदेखि अलपत्र परेका पुल कहिले निर्माण हुने हो कुनै अत्तोपत्तो छैन । छ वर्ष अगाडि लागेको पक्की पुलको ठेक्काको काम नहुँदा यस क्षेत्रका नेताले आलोचित हुनुपरेको छ ।

भेरी कोरिडोर जाजरकोट-डोल्पाको दुनै सडकखण्डको ११८ किमी सडकखण्डको ५६ किमीभित्र सडक कालोपत्रेको काम अन्तिम चरणमा पुऱ्याएपछि सँगसँगै लागेको पुलको ठेक्का भने कुनै काम भएको छैन । योजना प्रमुख केशरीका अनुसार पाँचमध्ये तीन वटा अर्कोलाई निर्माण गर्न दिइने र बाँकी दुई क्याराभानले नै निर्माण अन्तिम सहमति हुन लागेको बताए ।

उक्त क्याराभान हिराचन जेभिले २०७७ माघ २ गते जाजरकोटको नलगाड नगरपालिकाको नलगाड खोला, झुर्मेखोलाको पक्की पुलको ठेक्का लिएको थियो । यो रु १८ करोड ४३ लाख ४३ हजारमा ठेक्का लिइएको थियो । त्यस्तै उक्त जेभीले सोही मितिमा भेरी कोरिडोरकै जाजरकोटको नलगाड नगरपालिका-९ को त्रात्रखोला, वडा-८ को मैदेखोला, वडा-११ को ताक्सुगाड चौखामा ठेक्का लिएको थियो । यो दोस्रो ठेक्का रु १३ करोड ५४ लाखमा यो ठेक्का सम्झौता भएको थियो ।

यी पुलहरू भेरी कोरिडोरका लाइफलाइनका रूपमा रहेका छन् । त्यस्तै नलगाड नगरपालिका-१२ को तल्लुस्थित भेरी नदीको पुल र डोल्पा त्रिपुरासुन्दरी नगरपालिका-१ छलगाडको पुल निर्माण कार्य सुरु भएको छ । खदाङको पुल विवादका कारण अझै सुरु हुन सकेको छैन । एयपी एमआरपी पुलचोक जेभीले ठेक्का लिएको छ । रुकुम पश्चिमको आठबीसकोटको पिपलचौरस्थित छहरेखोला र जाजरकोट भेरी नगरपालिका-१ पिपे खोलाको पुलको काम करिब पूरा भएको छ ।

हाल नेपालगञ्ज, सुर्खेत तथा काठमाडौँबाट सिधै डोल्पाको सदरमुकाममा यातायातका साधन पुग्ने गरेका छन् । जाजरकोटको तल्लुसम्म कालोपत्रे गरेको सडकमा र बाँकी रुकुम पश्चिम हुँदै डोल्पाको सदरमुकामसम्म नेपाली सेनाले निर्माण गरेको कच्ची सडकमा गुड्दै डोल्पाको सदरमुकाम दुनैसम्म सवार ासाधन पुग्ने गर्छन् । पछिल्लो समय डोल्पामा रहेका पर्यटकीयस्थलको भ्रमणमा जाने पर्यटकको चाप ठूलो मात्रामा रहेको पाइन्छ ।

जाजरकोटको तल्लुदेखि डोल्पाको त्रिरुपाकोटसम्मको सडकमा कालोपत्रे गर्नका लागि ठेक्का लागेको दुई ठेक्कामा एउटाको काम सुरु भए पनि अर्को अझै सुरु हुन सकेको छैन । योजना प्रमुख केशरीले दिएको जानकारीअनुसार रु ७४ करोडमा उक्त ठेक्का लागेको छ । क्याब निर्माण, जावलाखेलले ठेक्का पाएको छ । बयालीस किमी सडकमा कालोपत्रे गर्नका लागि ठेक्का लागेको हो । बाँकी छलगाडबाट मरिमसम्म १२० किमी सडक रहेको छ । बयालीस किमी कालोपत्र गर्नका लागि गत असोज २ गते सम्झौता भएको छ भने २०८५ असोज १ गतेसम्म काम सम्पन्न गर्नुपर्ने हुन्छ ।

**दुनै-लासिक्याप सडकखण्ड निर्माणमा ढिलाइ**

भेरी कोरिडोरकै डोल्पाको सदरमुकाम दुनै-लासिक्याप खण्डमा ठेक्काको काम भइरहेको छ । दुनै-लासिक्याप खण्डमा काम नहुँदा सोभन्दा माथिको सडक निर्माणमा बाधा पुगेको भन्दै आलोचना चर्को भएपछि कामले गति लिएको हो ।

डोल्पाको सदरमुकामबाट माथिल्लो डोल्पाको मरिमसम्मको १०० किमीमध्ये २५ किमी कच्ची सडक कटान गर्नुपर्ने छ । दुनै-लासिक्याप खण्डको काम छिटो भएमा सोभन्दा माथिल्लो भागमा नेपाली सेनाले जिम्मेवारी लिएको छ । अहिले २५ किमी सडकखण्डभित्र कटानको कामलाई तीव्रता दिइएको छ । माथिल्लो डोल्पाको भागमा पर्ने लासिक्याप-मरिम ७५ किमीमध्ये नेपाली सेनाले ४० किमी कटानको काम गरिसकेको आयोजनाले जनाएको छ ।

दुनै-लासिक्याप खण्ड निर्माण सम्पन्न गर्न सूर्य-श्रेया-शान्ति देवी जेभीको म्याद २०८२ पुस १६ गतेसम्म म्याद थियो । २०७८ चैत १७ गते निर्माण कम्पनीसँग सम्झौता भएको थियो । तल्लो सडक निर्माण नगरी माथिल्लो खण्ड निर्माणमा सेनाले आवश्यक उपकरण लिन नसक्ने भएकाले तल्लो खण्डको काम छिटो सक्नुपर्ने बाध्यता रहेको छ ।

# होल्डिङ सेन्टरका सुकुमवासीलाई कोहलपुर नगरपालिकाद्वारा झुल वितरण

**◣युग संवाददाता**
**बाँके, २९ वैशाख ।**

कोहलपुर नगरपालिकाले होल्डिङ सेन्टरमा आश्रय लिएर बसेका भूमिहीन सुकुमवासी तथा भूमिहीन दलित परिवारलाई झुल वितरण गरेको छ । अत्यधिक गर्मी र लामखुट्टेको समस्या बढेपछि नगरपालिकाले राहतस्वरूप झुल वितरण गरेको जनाएको छ ।

कोहलपुर-११ स्थित क्रिकेट मैदान आसपासको अतिक्रमित क्षेत्र खाली गराइएपछि विस्थापित बनेका परिवार हाल नगरपालिकाले नयाँ बसपार्कको टर्मिनल भवनमा सञ्चालन गरेको होल्डिङ सेन्टरमा बसिरहेका छन् ।

होल्डिङ सेन्टरमा अस्थायी रूपमा राखिएका परिवारलाई रातिको समयमा लामखुट्टेको टोकाइबाट जोगाउन झुल वितरण गरिएको कोहलपुर नगर प्रहरी प्रमुख वीरबहादुर थापाले जानकारी दिए । उनका अनुसार झुल अभावका कारण विशेषगरी बालबालिका तथा ज्येष्ठ नागरिक रातभरी लामखुट्टेको टोकाइले सुत्न नसक्ने अवस्था थियो । डेङ्गु लगायतका रोगको जोखिम बढेपछि नगरपालिकाले तत्काल झुल वितरण गरेको उनले बताए ।

"झुल नहुँदा रातभरि लामखुट्टेले सुत्नै नदिने र डेङ्गु सर्ने जोखिम देखियो । त्यसलाई मध्यनजर गर्दै यहाँ रहेका परिवारलाई विभिन्न रोगबाट जोगाउन झुल वितरण गरेका हौँ," थापाले भने । उनले आगामी दिनमा थप समस्या देखिए नगरपालिकाले आवश्यक व्यवस्थापन गर्ने पनि उल्लेख गर्ने ।

मङ्गलबार मात्रै होल्डिङ सेन्टरमा बसेका ६९ परिवारलाई झुल वितरण गरिएको नगरपालिकाले जनाएको छ । हाल वडा नम्बर २ देखि १४ सम्म विभिन्न स्थानमा १६ वटा होल्डिङ सेन्टर सञ्चालनमा रहेका छन् । विस्थापित परिवारका लागि अस्थायी बसोवास, खानेपानी तथा शौचालयको व्यवस्था मिलाइएको नगरपालिकाको भनाइ छ ।

यसैबीच, होल्डिङ सेन्टरमा बसिरहेका प्रभावित परिवारले आफूहरूको स्थायी व्यवस्थापनसँगै रोजगारीको व्यवस्था पनि गरिदिन माग गरेका छन् । "बस्नका लागि अस्थायी ठाउँ त मिलाइएको छ, तर दीर्घकालीन व्यवस्थापनसँगै रोजगारीको व्यवस्था पनि मिलाइनुपर्छ," भन्ने कुरा प्रभावित नागरिकले गुनासो गरेका छन् । उनिहरूले छिटो व्यवस्थापन नहुँदा दैनिक जीविकोपार्जनमा समेत समस्या भएको बताएका छन् ।

कोहलपुर नगरपालिकाले वास्तविक भूमिहीन तथा अव्यवस्थित बसोवासीको तथ्याङ्क सङ्कलन कार्य सँगसँगै अघि बढाइएको जनाएको छ । नगर प्रमुख पूर्णप्रसाद आचार्यले वास्तविक सुकुमवासीलाई व्यवस्थित बसोवासको व्यवस्था गरिने तथा सार्वजनिक जग्गा अतिक्रमण हुन नदिने नीति अनुसार काम भइरहेको बताए । उनले केही दिनभित्र वास्तविक सुकुमवासीको पहिचान गरी आवश्यक व्यवस्थापन प्रक्रिया अघि बढाइने जानकारी दिए ।

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरू
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मोः नं ९८४८०७६८५६ (डी.बी. राना)

## कर्णाली प्रदेशसभाः प्राकृतिक विपद् सम्बोधन गर्ने बजेट बनाउनुपर्नेमा जोड

**◣युग संवाददाता**
**सुर्खेत, २९ वैशाख ।**

कर्णाली प्रदेशसभाका सदस्यहरूले आगामी आर्थिक वर्ष २०८३/८४ मा प्राकृतिक विपद् र समयसापेक्ष आवश्यकतालाई केन्द्रमा राखेर बजेट निर्माण गर्नुपर्नेमा जोड दिएका छन् ।

कर्णाली प्रदेशसभाको दोस्रो कार्यकालको आठौं अधिवेशनको पहिलो बैठकको आकस्मिक समयमा प्रदेशसभा सदस्य भीमप्रकाश शर्माले यस वर्षको वैशाखमा आएको असिनापानीका कारण सल्यानको बागचौर गाउँपालिकाका किसानको अन्नबाली नष्ट भएको भन्दै क्षतिको एकीन विवरण सङ्कलन गरी पीडित किसानलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्न माग गरे ।

कृषि, खानेपानीलगायत भौतिक पूर्वाधारमा समेत क्षति पुगेको जनाउँदै सदस्य शर्माले सम्भावित प्राकृतिक विपद्लाई ध्यानमा राखेर आगामी वर्षको बजेट निर्माण गर्न सरकारलाई अनुरोध गर्नुभयो । बैठकमा प्रदेशसभा मङ्गलबहादुर शाहीले आगामी आर्थिक वर्षका लागि प्राथमिकता र आवश्यकतामा केन्द्रित बजेट ल्याउन सरकारलाई सुझाए ।

मानसिक स्वास्थ्यप्रति सचेत बनौं ।

मानसिक समस्याका लक्षणः
- निराश हुनु,
- तनाव तथा चिन्ता महशुस हुनु,
- बेलाबेलामा डर लाग्नु,
- बिनाकारण पसिना आउनु,
- गहिरो निद्रा नपर्नु,

मानसिक समस्या निदानको लागिः
- नियमित व्यायाम गरौं,
- आफ्ना भावना खुल्लारूपमा व्यक्त गरौं,
- परिवार र साथीहरूसँग समय बिताऔं,
- योग, ध्यान वा मनपर्ने गतिविधिमा संलग्न होऔं,

आवश्यक परेमा चिकित्सकसँग परामर्श गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड




युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादकः दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादकः ओम बहादुर शाही, प्रधान कार्यालयः वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेटः कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालयः सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोनः ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रणः रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत ।